स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री वर्षा राउतको मुख्य भूमिका रहेको फिल्म "हिउँको गीत"को मोसन पोस्टर सार्वजनिक भएको छ । फिल्मका पाँच प्रमुख कलाकारलाई समेटिएको पोस्टरले फिल्मको विषयवस्तुलाई बिम्बात्मक रुपमा प्रस्तुत गरेको छ । औंठाछापको पृष्ठभूमिमा तयार पारिएको पोस्टरले विस्थापनको कथासँगै कलाकारहरुको उदास भावमार्फत् चरित्रको अनन्त प्रतीक्षाको नियतिलाई संकेत गर्छ ।

**आजको विचार...**



शुक्रऋषि चौलागाई

लुम्बिनीमा... (दुई पेजमा)



केही दिन अघि मैले बुवालाई आँखा अस्पताल र बाथ अस्पताल लैजानु परेको थियो । सायद त्यसदिनको संयोगले हुनुपर्छ, ती दुवै अस्पतालमा बुवाले एउटा पनि पुरुष डाक्टर भेट्नु भएन र भन्नुभयो, "आजकल अस्पतालमा पुरुष कर्मचारी भनेको सेक्युरिटी गार्डमात्र हुन्छन् कि क्या हो ?"

**उपभोक्ता हकको रक्षा गरौं**

- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुन्छ,
- गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगे कानून बमोजिम क्षतिपूर्ति पाउने व्यवस्था छ ।

**त्यसैले,**

- उपभोक्ता हकको बारेमा सचेत बनौं,
- उपभोक्ता हकहित रक्षाको लागि एकजुट होऔं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

❒ वर्ष ३० ❒ अंक २३४ ❒ २०८१ चैत ७ गते बिहीबार 20 March 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# आजदेखि एसइई : पाल्पामा यस वर्ष परीक्षा दिने बढे

**रामचन्द्र रायमाझी**

**पाल्पा, चैत ६**/यस वर्षको माध्यमिक शिक्षा परीक्षा अर्थात् एसइई परीक्षा आजदेखि एकैसाथ देशभर शुरु हुँदैछ । बिहान ८ बजेदेखि हुने परीक्षाको पहिलो दिन अनिवार्य अंग्रेजी, संस्कृत: वेदविद्याश्रमतर्फ- अनिवार्य संस्कृत रचना, अनिवार्य अंग्रेजी मदरसातर्फ - अनिवार्य अरेबिक भाषा, अनिवार्य अंग्रेजी अनिवार्य संस्कृत भाषा र साहित्य (वेदविद्याश्रम तर्फ) अनिवार्य नेपालीको परीक्षा हुनेछ । चैत १९ गतेसम्म सञ्चालन हुने परीक्षामा देशभरबाट पाँच लाख १४ हजार ७१ जना विद्यार्थी परीक्षामा सहभागी हुँदैछन् ।

पाल्पामा वर्षेनी परीक्षा दिने विद्यार्थी घट्दै गए पनि यस वर्ष भने बढेका छन् । अघिल्लो वर्षको तुलनामा यहाँ ७ सय २६ बढी विद्यार्थीले परीक्षा दिन लागेका शिक्षा विकास तथा समन्वय ईकाइ पाल्पाले जनाएको छ । यस वर्षको एसइईमा ४ हजार ९ सय १० जना विद्यार्थीले परीक्षाको लागि रजिष्ट्रेशन भरेका छन् । जसमा छात्र २ हजार ३ सय ५८ र छात्रा २ हजार ५ सय ५२ रहेका छन् । यहाँ अघिल्लो वर्ष ४ हजार १ सय ८४ जना विद्यार्थी



परीक्षामा सहभागी भएका थिए । जहाँ नियमिततर्फ ४ हजार १२ र ग्रेडवृद्धितर्फ एक सय ७२ जना रहेको शिक्षा विकास तथा समन्वय ईकाइका प्रमुख प्रेमराज खरेलले बताए । उनका अनुसार ग्रेडवृद्धिका विद्यार्थीहरु धेरै भएकाले अहिले गतवर्ष भन्दा बढी विद्यार्थी सहभागी हुन लागेका हुन् । यस वर्ष ग्रेडवृद्धिको साधारणतर्फ एक हजार एक सय ३० विद्यार्थी रहेका छन् । जसमा ५ सय १३ छात्र र ६ सय १७ जना छात्रा रहेका छन् । यस्तै प्राविधिकतर्फ ४८ जना रहेका छन् । जसमा छात्र २७ र छात्रा २१ छन् । यहाँ यस अघिका वर्षहरुमा परीक्षार्थीको संख्या घट्दो थियो ।

६ शैक्षिक सत्रको तथ्यांकअनुसार जिल्लामा प्रत्येक वर्ष एसइईका परीक्षार्थीको संख्यामा कमी आएको देखिन्छ । यहाँ २०७६ मा ५ हजार १८ जना विद्यार्थीले परीक्षा दिएकोमा २०७७ मा ४ हजार ८ सय ८४, २०७८ मा ४ हजार ८२, २०७९ मा ४ हजार ५ सय ५४ र २०८० मा ४ हजार १ सय ८४ जना जना विद्यार्थीले एसइई दिएका थिए । यो ग्राफलाई हेर्ने हो भने यस वर्ष बढेको हो ।

यस वर्ष जिल्लाका १९ संस्थागत र १ सय २० सामुदायिक विद्यालयका विद्यार्थीहरुले परीक्षा दिन लागेको परीक्षा शाखाका प्रमुख बमबहादुर थापाले जानकारी दिए । उनका अनुसार सामुदायिकतर्फ ४ हजार ३ सय ८९ विद्यार्थी परीक्षामा सहभागी हुने छन् । जहाँ २ हजार ४४ छात्र र २ हजार ३ सय ४५ छात्रा छन् । यस्तै संस्थागत विद्यालयका ५ सय २१ जना विद्यार्थीहरु मध्ये छात्र ३ सय १४ र छात्रा २ सय ७ जना रहेका छन् ।

नियमित अन्तगर्तत साधारणतर्फ ३ हजार ५ सय ४ जना विद्यार्थीहरु परीक्षामा सहभागी हुँदै छन् । जहाँ एक हजार ७ सय १५ जना छात्र र एक हजार ७ सय ८९ जना छात्रा रहेको जनाइएको छ । यस्तै प्राविधिकतर्फ २ सय २८ जना रहेका छन् । जहाँ एक सय ३ जना छात्र र एक सय २५ जना छात्रा रहेका छन् । जिल्लामा सबै भन्दा कम एक सय जना चन्द्र मावि चापपानी केन्द्र र सबै भन्दा बढी ३ सय ५० दरैठाँटी मावि रामपुर केन्द्रबाट परीक्षार्थी सहभागी हुँदै छन् ।

परीक्षाको लागि २६ वटा केन्द्र निर्धारण गरिएको छ । उक्त केन्द्रका लागि २६ जना केन्द्राध्यक्ष, ३० जना सहायक केन्द्राध्यक्ष, २ सय ४६ निरीक्षक, ५० जना परीक्षा सहायक, ९८ जना विद्यालय सहयोगी र ३ सय ९० जना सुरक्षाकर्मी परिचालन गरिएको छ ।

## संक्षिप्त समाचार

### डुङ्गा डुब्दा ६ जनाको मृत्यु, ४० बेपत्ता

(रासस/एएफपी)

**रोम, चैत ६**/भूमध्यसागरमा एक आप्रवासी डुङ्गा दुर्घटनामा छ जनाको मृत्यु र ४० जना बेपत्ता भएको संयुक्त राष्ट्रसैले बुधबार जनाएको छ । इटालीको मिडियाले लामपेडुसा टापु नजिकै डुङ्गा डुबेको रिपोर्ट गरेको छ ।

"भूमध्यसागरमा नयाँ डुङ्गा दुर्घटनामा अझै धेरैको मृत्यु भएको छ", ट्युनिसियाबाट सोमबार ५६ जना बोकेर निस्केको डुङ्गा डुबेको उल्लेख गर्दै युएनएचसिआरका इटालीका प्रतिनिधि चियारा कार्डोलेट्टीले एक्समा भने, "केही घण्टाको यात्रापछि डुङ्गा बिग्रन र पानी लिन थाल्यो । छ वटा शव निकालिएको छ, ४० जना हराइरहेका छन् ।" इटालीका मिडिया रिपोर्टहरू अनुसार इटालीको तटरक्षक र वित्तीय प्रहरीले लाम्पिओन नामक सानो चट्टानी टापुबाट छ पुरुष र चार महिलासहित १० जनालाई सुरक्षित निकालेका थिए ।

उद्धार गरिएकाहरूले जहाज छोड्दा ५६ जना सवार रहेको तर क्षेत्रबाट केवल छ वटा शव - सबै पुरुष - मात्र भेटिएको बताएका छन् । एजिआई समाचार एजेन्सीका अनुसार बाँचेका व्यक्तिहरूले बेपत्ता भएका मध्ये केही समुद्रमा खसेको बताएका छन् । आप्रवासीहरू आइभोरी कोस्ट, माली, गाम्बिया र क्यामरुनका थिए ।

## रामनवमीमा सार्वजनिक बिदा

**सार्वजनिक बिदा**

**पाल्पा, चैत ६**/सरकारले चैत २४ गते रामनवमीका दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । सरकारले उत्त: दिन सरकारी कार्यालय तथा सार्वजनिक निकायमा सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले चैत २४ गते सरकारी कार्यालय तथा सार्वजनिक निकायमा सार्वजनिक विदा दिने निर्णय गरेको सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए । चैत्र शुक्ल नवमीका दिन मर्यादा पुरुषोत्तम भगवान् रामचन्द्रको सम्झनामा 'रामनवमी' पर्व देशभरि श्रद्धा र भक्तिपूर्वक मनाउने गरिन्छ । असत्यमाथि सत्यको विजय तथा भगवान् श्रीरामको सम्झनामा मनाइने रामनवमी पर्वका उपलक्ष्यमा भगवान् रामचन्द्रका मन्दिरहरूमा पूजापाठ गरिन्छ । त्रेतायुगमा आजकै दिन भारतको अयोध्यामा राजा दशरथ र रानी कौशल्यावतीको सुपुत्रका रूपमा विष्णुको अवतार लिएर भगवान् श्रीरामको जन्म भएको थियो ।

त्यही स्मृतिमा पवित्र नदी, ताल तथा कुण्डहरूमा स्नानका साथ व्रत बसी रामगीता पाठ, अध्यात्म, वाल्मीकीय, तुलसीकृत र भानुभक्तीय रामायण वाचन गर्ने र भगवान् रामको पूजा आराधना गरी रातभरि भजनकीर्तन गर्ने परम्परा छ ।

## त्रिबक्यामा स्ववियु निर्वाचन : सभापतिमा अखिल क्रान्तिकारीका घर्ती, सचिव र कोषाध्यक्षमा नेविसंघ विजयी

**पाल्पा, चैत ६**/जिल्लाको तानसेनस्थित त्रिभुवन बहुमुखी क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियनको सभापतिमा अनेरास्ववियु क्रान्तिकारीका मिलन घर्ति मगर विजयी भएका छन् । बुधबार सम्पन्न अन्तिम मतगणनामा घर्ति मगरले कूल खसेको मतमा ३ सय ९० प्राप्त गरी विजयी भएका हुन् ।

उनका निकटतम प्रतिद्वन्द्वी नेपाल विद्यार्थी संघका कृष्ण अर्यालले ३ सय ४२ मत प्राप्त गरेको निर्वचन अधिकृत जीवन बहादुर थापाले जानकारी दिए । अन्य अधिकांस पदहरुमा भने नेपाल विद्यार्थी संघले विजयी प्राप्त गरेको छ । सचिवमा नेपाल विद्यार्थी संघका शुसिल बस्यालले अत्यधिक मतका साथ विजय प्राप्त गरेका छन् । उनले ५ सय १७ मत प्राप्त गरी निर्वाचित भए । उनका निकटतम प्रतिद्वन्द्वी अखिल क्रान्तिकारीका विपिन पंगेनीले ३ सय ३२ मत पाए । कोषाध्यक्षमा




नेपाल विद्यार्थी संघकी मिस्मा रानाले ४ सय १६ मत पाइन् भने उनका निकटतम् प्रतिद्धन्द्धी गंगादेवी बाह्रघरेले ३ सय ४५ मत पाएकी छन् । यस्तै सदस्यहरूमा नेविसंघका आशिका विश्वकर्माले ३ सय ९०, तोरण रास्कोटीले ३ सय ८७, नविन थापाले ३ सय ९८, बविता थापाले ४ सय ५, सुजल भट्टराईले ४ सय ५२, नेविसंघकै प्यानलबाट उम्मेदवारी दिएकी अखिल छैठौंकी ज्योति दर्लामीले ४ सय २६ र अखिल क्रान्तिकारीकी इच्छा थापाले ३ सय ६० मत प्राप्त गरी विजयी भएको निर्वाचन अधिकृत थापाले जानकारी दिए । यहाँ एक हजार ८ सय ९४ मतदाता रहे पनि १ हजार २ सय २८ मत खसेको थियो । १९ पदका लागि निर्वाचन भएको थियो । १० पदमा प्रत्यक्ष निर्वाचनबाट नेतृत्व चयन भएको हो । प्रत्यक्षतर्फ अध्यक्ष, सचिव, कोषाध्यक्षसहित १० पदमा नेतृत्व निर्वाचित भएको छ । यस्तै यस्तै ९ पदमा भने संगठनले पाएको मतको आधारमा समानुपातिक सदस्य चुनिने छन् ।

शहीद क्याम्पसमा गोली चल्यो

रामपुरमा रहेको शहीद बहुमुखी क्याम्पस रामपुरमा भिड नियन्त्रण गर्न प्रहरीले गोली चलाएको छ । स्वतन्त्र विद्यार्थी युनियनको मतगणनाको क्रममा विवाद उत्पन्न भई असहज परिस्थिति सिर्जना भएपछि प्रहरीले तीन राउण्ड हवाई फायर गरेको हो ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAVA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## एसइई व्यवस्थित र मर्यादित होस्

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) आजदेखि देशव्यापी रूपमा सञ्चालन हुँदैछ । परीक्षा नियन्त्रण कार्यालयको तथ्यांक अनुसार यसपटक पाँच लाख १४ हजार ७१ जना विद्यार्थी परीक्षामा सहभागी हुँदैछन् । उक्त परीक्षा चैत १९ गतेसम्म सञ्चालन हुनेछ । एसईई विद्यार्थीहरुको सुरक्षित भविष्यको ढोका पनि हो । त्यसैले उनीहरु सुरक्षित भविष्य खोज्दै एसइईको महासंग्राममा जुट्दैछन् ।

फलामे ढोकाका रुपमा समेत लिइएको एसइई परीक्षा भविष्यका कर्णधारका रुपमा रहेका लाखौं विद्यार्थीहरुले गरेको लगानीको परिणाम देखाउने महापरीक्षा पनि हो । परीक्षाको सफलतासँगै त्यसले भविष्य निर्धारण गर्ने भएकाले एसइई जस्तो परीक्षालाई जो कोहीले पनि सामन्य रुपमा लिन सक्दैन । विगतमा एसइई परीक्षामा हुने अमर्यादित क्रियाकलापहरु पछिल्लो समय कम हुँदै गएका छन् । तर अझै पूर्ण रुपमा नियन्त्रण भने हुन सकेको छैन । विद्यार्थीहरुलाई परीक्षामा निर्धक्क साथ लेख्ने वातावरण सबै पक्षबाट सिर्जना गरिदिनुपर्छ । विद्यार्थीहरुको भविष्यसँग जोडिएको विषयमा खेलवाड गर्ने अधिकार कसैलाई हुँदैन । परीक्षा बोर्डले परीक्षालाई शान्त, अनुसाशित, मर्यादित बनाउने भनेको छ । यद्यपि परीक्षा नसकिन्जेलसम्म व्यवस्थित रुपमा सञ्चालन हुन सक्छ कि सक्दैन ? भन्ने प्रश्न भने यथावत् नै रहन्छ । परीक्षामा बाह्य हस्तक्षेप हुनु, परीक्षा हलमा अनुशासनहीनताले बढवा पाउनुजस्ता सम्भावनालाई नकार्न सकिँदैन । तर यस्ता गतिविधि रोक्नका लागि परीक्षाको समयमा राम्रोसँग अनुगमन गरिनुपर्छ । यसो भयो भने विद्यार्थीले ढुक्क र निर्धक्कसाथ परीक्षा दिन सक्ने छन् ।

परीक्षा केन्द्रको आन्तरिक वातावरण तथा परीक्षा केन्द्रभन्दा बाहिरको आसपासको बाह्य वातावरणले परीक्षालाई शान्तिपूर्ण, मर्यादित तथा अनुशासित बनाउने दिशामा महत्व राख्छ । जिम्मेवारी तथा दायित्व निर्वाह गर्ने दिशामा कुनै किसिमको मुलाहिजा तथा कन्जुस्याइँ गर्नु हुँदैन । तसर्थ परीक्षालाई व्यवस्थित, मर्यादित बनाउने विषयमा सरोकारवाला निकायले ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

खुसी पैसा र सम्पत्तिमा होइन, मनको शान्तिमा हुन्छ ।
*(बिनोद सारुको फेसबुक स्टाटस https://www.facebook.com/saru.binod3357)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# लुम्बिनीमा मातृमृत्युको डरलाग्दो स्वरुप



शुक्रऋषि चौलागाई

*रोल्पा नगरपालिका-१० धबाङकी ३० वर्षीया माया थापालाई प्रसूति ब्यथा लाग्यो । तर बच्चा नजन्मेपछि रोल्पा अस्पताल लगियो । परीक्षणपछि चिकित्सकले गर्भवतीमा उच्च रक्तचाप देखिएको र जुम्ल्याहा शिशु भएकाले शल्यक्रिया गर्न दाङ वा बुटवल जान सुझाव दिए । घरपरिवारले धेरै खर्च लाग्ने भन्दै प्रसूति गराउन अन्त लगेनन् । दुई दिनपछि घरमै जुम्ल्याहा शिशु जन्मियो । तर, सुत्केरीपछि रक्तश्राव रोकिएन । बेहोस भएकी उनको मृत्यु भयो । बनिया र थापा हाम्रो समाजका उदाहरण पात्र मात्रै हुन् । गर्भवती हुँदा नियमित जाँच नगराउँदा झेल्नु परिरहेका यी र यस्तै थुप्रै घटनाहरु हाम्रासामु पुनरावृत्ति भइरहेका छन् । गर्भवती र प्रसवका बेला स्वास्थ्य संस्थामा पुग्नुपर्छ भन्ने चेतनाको अझै पनि अभाव छ ।*

बिन्द्रावती बनिया एक्कासी अचेत भएपछि भीम अस्पताल लगियो । रुपन्देही तिलोत्तमा- १४ बस्ने ३५ वर्षीया बनिया अचेत भएपछि परिवारले अकस्मात् अस्पताल लगेका हुन् । गर्भवती बनिया बेहोस किन भएकी हुन् भन्ने पत्ता लगाउन पनि चिकित्सकलाई धौधौ भयो । अचेत घटनाले चिकित्सकलाई पनि अचम्मित तुल्यायो । सोधपुछपछि पत्ता लाग्यो कि बनियाले गर्भवतीपछि गरिनुपर्ने नियमित स्वास्थ्य परीक्षण एकपटक पनि गरेकी थिइनन् । आमा र बच्चा दुवैलाई जोगाउनुपर्ने बाध्यता थियो तर चिकित्सकको अथक प्रयासले बच्चा निकालेर सघन उपचार कक्षमा राखियो, दुर्भाग्य बच्चा बचाउन सकिएन ।

रोल्पा नगरपालिका-१० धबाङकी ३० वर्षीया माया थापालाई प्रसूति ब्यथा लाग्यो । तर बच्चा नजन्मेपछि रोल्पा अस्पताल लगियो । परीक्षणपछि चिकित्सकले गर्भवतीमा उच्च रक्तचाप देखिएको र जुम्ल्याहा शिशु भएकाले शल्यक्रिया गर्न दाङ वा बुटवल जान सुझाव दिए । घरपरिवारले धेरै खर्च लाग्ने भन्दै प्रसूति गराउन अन्त लगेनन् । दुई दिनपछि घरमै जुम्ल्याहा शिशु जन्मियो । तर, सुत्केरीपछि रक्तश्राव रोकिएन । बेहोस भएकी उनको मृत्यु भयो । बनिया र थापा हाम्रो समाजका उदाहरण पात्र मात्रै हुन् । गर्भवती हुँदा नियमित जाँच नगराउँदा झेल्नु परिरहेका यी र यस्तै थुप्रै घटनाहरु हाम्रासामु पुनरावृत्ति भइरहेका छन् । गर्भवती र प्रसवका बेला स्वास्थ्य संस्थामा पुग्नुपर्छ भन्ने चेतनाको अझै पनि अभाव छ । गर्भवती भएको दिनदेखि प्रसूतिको ४२ दिनभित्र कुनै महिलाको मृत्यु हुन्छ भने त्यसलाई मातृमृत्यु मानिन्छ । मातृमृत्यु दर महिला गर्भवती हुँदा वा बच्चा जन्माउने क्रममा वा कारणले हुने मृत्युको दर भन्ने बुझिन्छ । गर्भावस्थालाई सामान्य रूपमा लिएर नियमित रूपमा औषधि सेवनदेखि परीक्षण नगर्ने परिपाटीका कारण महिलाको मृत्यु हुने गरेको पाइएको छ । यस्तो मृत्यु नियन्त्रण गर्न नेपाल सरकार, अन्तर्राष्ट्रिय गैरसरकारी तथा राष्ट्रिय गैरसरकारी संस्थाले प्रयास पनि गरिरहेका छन् । प्रयासस्वरूप दुई दशकयता मातृ तथा शिशु मृत्युदर न्यूनीकरणमा प्रगति हासिल भए पनि अपेक्षित छैन । पछिल्लो तथ्याङ्कले पनि मातृमृत्युदर उच्च नै रहेको देखाएको छ । धनीको तुलनामा गरिबीमा रहेका र कलिला आमाको मृत्युदर अझै उच्च छ ।

**कस्तो छ मातृमृत्यु दरको अवस्था?**

मातृ मृत्युदरको समग्र अवस्था चिन्ताजनक छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वमा अहिले पनि हरेक दिन आठ सय जना महिलाको ज्यान गर्भावस्थासँग सम्बन्धित कारणले हुने गर्दछ । यसमध्ये सबैजना लगभग ९९ प्रतिशत महिला हाम्रो जस्तो विकासोन्मुख देशका हुन्छन् । नेपालमा स्वास्थ्य संस्थामै पुगेका आमाहरूकै मृत्यु ५७ प्रतिशत, सुत्केरी अवस्थामा ६१ प्रतिशत र गर्भावस्थामा ३३ प्रतिशतको मृत्यु हुने गरेको छ । यसले हाम्रो स्वास्थ्य प्रणाली, सम्बद्ध जनशक्ति र सेवा प्रवाहलाई चुनौती दिइरहेको देखाउँछ ।

**लुम्बिनी प्रदेशमा मातृमृत्युदर कति छ ?**

त्यसको छुट्टै यकीन तथ्याङ्क छैन । २०७८ सालमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलगायतको संयुक्त प्रयासमा मातृमृत्युको तथ्यगत अध्ययन गरिएको थियो । सो अध्ययनअनुसार लुम्बिनीमा सबैभन्दा धेरै मातृमृत्यु दर देखिएको छ । लुम्बिनी प्रदेशमा प्रतिलाख जीवित जन्ममा दुई सय सात आमाले ज्यान गुमाइरहेका छन् । जबकि दिगो विकास लक्ष्यअनुसार सन् २०२२ सम्म मातृमृत्युको दर एक सय १६ मा झारिसक्नुपर्ने थियो । सन् २०३० भित्र यो दर ७० भन्दा तल झारिसक्नुपर्नेछ । नेपालकै समग्र मातृमृत्युको दर भने प्रतिलाख जीवित जन्ममा एक सय ५१ छ । सबैभन्दा कम बागमती प्रदेशमा प्रतिलाखमा ९८ मातृमृत्युदर छ भने सुदूरपश्चिममा एक सय सय ३०, कर्णालीमा एक सय ७२, गण्डकीमा एक सय ६१, मधेसमा एक सय ४०, कोशीमा एक सय ५७ छ । लुम्बिनी प्रदेशमा पाँच वर्षमा आमा बन्दा तीन सय २४ जना मृत्युको मुखमा पुगे । स्वास्थ्य मन्त्रालयको तथ्याङ्कअनुसार, आव २०७४/७५ मा प्रदेशका ५३ महिलाले आमा बन्दा ज्यान गुमाए । यो सङ्खया बढेर आव २०७५/७६ मा ५४ पुग्यो । आव २०७६/७७ मा ७१, आव २०७७/७८ मा ७२ र आव २०७८/७९ मा ७४ आमाको मृत्यु भएको छ ।

अध्ययनको तथ्यअनुसार नेपालमै सबैभन्दा बढी मातृमृत्यु बाँकेमा भएको छ । त्यस अवधिमा देशभर एक सय ५८ जना सुत्केरी आमाको मृत्यु भएकामा बाँके जिल्लामा मात्रै ३६ जनाको मृत्यु भएको पाइएको थियो । यसमध्ये गर्भावस्थामै १५ जना र सुत्केरी भइसकेपछि १९ जनाको मृत्यु भएको पाइएको थियो । बाँकेमा पछिल्ला तीन आर्थिक वर्षमा ६० जना आमाको ज्यान गएको तथ्याङ्क छ । आर्थिक वर्ष २०७८/७९ मा २२ जना आमाको ज्यान गएकोमा २०७९/८० मा २० र २०८०/८१ मा १८ जनाको ज्यान गएको थियो । सैंय अस्पताल, आधारभूत अस्पतालसहित सरकारी र निजी गरी सयौंको सङ्ख्यामा स्वास्थ्य संस्थाहरू रहेको बाँकेमै मातृमृत्युको यो अवस्था चिन्ताजनक हो । अझ स्वास्थ्य संस्था बढी भएको नेपालगञ्ज उपमहानगरपालिकामै मातृमृत्यु अरु स्थानीय तहको भन्दा बढी छ ।

**किन न्यूनीकरण भएन मातृमृत्यु दर?**

मातृमृत्यु दर कम गर्ने अनेकन प्रयास गरिए पनि किन घटेन मातृमृत्युदर ? यसको पनि लेखाजोखा गरिनुपर्छ । मातृमृत्युका कारण धेरै छन् । मातृमृत्यु दरका कारक तत्वमा नियमित स्वास्थ्य (गर्भ) परीक्षण नगरिनु, स्वास्थ्य संस्था र सेवामा पहुँच नहुनु, अस्पताल नै पुग्न नसक्नु, उच्च रक्तचाप, उच्च रक्तश्राव, गर्भावस्थासम्बन्धी सङ्क्रमण, शल्यक्रियाका बेला एनेस्थेसिया व्यवस्थापनमा समस्या आदि मानिएको छ । यस्तै कम उमेरमा विवाह र बच्चा हुनु, छिटोछिटो गर्भवती हुनु, विपन्नता, खानपिनको सचेतना नहुनु यस्ता कारण पनि मातृमृत्युका कारण छन् । मृत्युको प्रमुख कारण बच्चा जन्मेपछि अत्यधिकमात्रामा रगत बग्ने रहेको छ । प्रसुति हुनुपूर्व वा प्रसूतिपछि अत्यधिक रक्तश्रावले सबैभन्दा बढी २३ प्रतिशत सुत्केरीको मृत्यु हुने गरेको पाइएको छ । सुत्केरी भएपछिको सङ्क्रमण, गर्भावस्थामा उक्त रक्तचाप र असुरक्षित प्रसूति तथा गर्भपतनले गर्दा यसो हुनेगर्छ । स्वास्थ्य संस्थामा दरबन्दीअनुसार प्रसूति विज्ञ, नर्सिङ स्टाफ र स्वास्थ्यकर्मी नहुनु, भौतिक पूर्वाधार र आवश्यक उपकरण नहुनुले पनि आमाहरू मृत्युको मुखमा धकेलिएका छन् । यस्तै सैंय सरकारले गर्भ परीक्षणलाई बढाउन चार पटक गर्भजाँच गर्नेलाई सात सय र स्वास्थ्य संस्थामा प्रसूति हुन जानेलाई यातायात खर्चबापत रकम पनि दिने गरेको छ ।

लुम्बिनीमा विशेषज्ञ सेवासहितका अस्पताल छन् तर पनि मातृमृत्यु दर न्यूनीकरण हुन सकेको छैन, जबकि प्रदेशमा तीन वटा सैंय, दुई वटा प्रादेशिक, १३ वटा जिल्लास्तरका, १९ वटा साधारण असपताल गरी एक हजार नौ सय ४० वटा स्वास्थ्य चौकी छन् । नेपालको संविधानले महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यसम्बन्धी हक दिएको छ । सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउन सुरक्षित मातृत्व तथा प्रजनन् अधिकार ऐन २०७५ लागू गरिएको छ । यसले महिला गर्भवती हुने वा नहुने रोज्न पाउनेदेखि राज्यबाट सुरक्षित मातृत्व सेवा पाउनुपर्ने अधिकारलाई समेट्छ । भरपर्दो सेवा दिनुपर्ने राज्यको कर्तव्य पनि हो ।

**के भएका छन् सुधारको प्रयास ?**

लुम्बिनी प्रदेश सरकारले पछिल्लो चरण स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिएर सुधारको प्रयास नगरेको होइन । तथापि, मातृमुत्यु दर न्यूनीकरणमा अनेकन चुनौतीहरु कायमै छन् । लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार लुम्बिनी प्रदेशमा मातृमृत्यु दरलाई कम गर्न विभिन्न प्रयासहरू भइरहेका छन् । प्रदेश सरकारद्वारा आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्थानीय तहसँगको समन्वय र सहकार्यलाई पनि जोड दिइएको छ । आवश्यकताको आधारमा चिकित्सक र उपकरण उपलब्ध गराउनेलगायत दुर्गमका अस्पतालमा अनिवार्य विशेषज्ञ सेवा प्रदान गर्ने प्रयास गरिएको छ ।

लुम्बिनी प्रदेशले चालु आर्थिक वर्षमा महिला, बालबालिका तथा किशोरीको स्वास्थ्य तथा पोषण सुधारसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ । समुदायस्तरबाट कुपोषित बालबालिका खोजेर उपचारसम्म ल्याउने लगायतका कार्य गरिरहेको छ । मातृमृत्यु बढी भएका स्थानीय तहहरूमा विशेष आमा सुरक्षा कार्यक्रम, स्वास्थ्य क्लिनिक सञ्चालन, आपतकालीन अवस्थाका गर्भवतीका लागि निःशुल्क एम्बुलेन्स सेवाजस्ता कार्यक्रम सञ्चालन गरिएको छ । सरकारले चाहेर मात्रै मातृमृत्यु दर कम हुन्छ भन्ने सुनिश्चित छैन । त्यसका लागि सरकारसँग उत्कृष्ट कार्य योजना, इच्छाशक्ति, तदारुकता र कार्यान्वयन गर्ने टिम चाहिन्छ । मातृमृत्यु कम गर्न सर्ब प्रथमतः स्थानीय सरकार, स्वास्थ्य सम्बद्ध निकाय, कार्यालय र नागरिकबीचको साझा बुझाई र हातेमालो हुन पनि आवश्यक छ । हरेक नागरिक आनो र परिवारको स्वास्थ्यप्रति सचेत र जिम्मेवार हुन पनि जरुरी छ । साथै, स्वस्थ आहारविहार र विचारमा पनि ध्यान दिन अनिवार्य छ, अनि मात्रै स्वस्थ नागरिक र स्वस्थ समाज निर्माण हुन सक्छ । *-रासस*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : दिनमा आत्मविश्वास बढ्नेछ। नयाँ अवसरहरू प्राप्त हुने सम्भावना छ।

**वृष** : आर्थिक पक्षमा सुधार आउने संकेत छ। प्रेम जीवनमा सुधार आउनेछ ।

**मिथुन** : व्यवसायमा प्रगति हुनेछ । नयाँ साथीहरू बनाउने अवसर मिल्नेछ।

**कर्कट** : दिन मिश्रित रहनेछ । आर्थिक मामिलामा होशियार रहनुहोस् ।

**सिंह** : काममा सफलता मिल्नेछ । प्रेम सम्बन्धमा आत्मीयता बढ्नेछ ।

**कन्या** : मेहनतले राम्रो उपलब्धि हात पर्नेछ । साथीभाइको सहयोग पाइनेछ ।

**तुला** : नोकरी तथा व्यापारमा सफलता मिल्नेछ । प्रेम जीवन मधुर रहनेछ ।

**वृश्चिक**: सहयोगी हात बढ्नेछन् । निर्णय लिँदा विचार पुर्याउनुहोस्।

**धनु** : पुरानो लगानीबाट फाइदा हुने दिन छ । परिवारमा खुसीयाली छाउनेछ ।

**मकर**: नयाँ कामको थालनी गर्दा लाभ मिल्नेछ। काममा सफलता प्राप्त हुनेछ।


**कुम्भ** : आत्मसंयम अपनाउनुहोस् । शोध कार्यमा सफलता मिल्नेछ ।

**मीन** : धन लाभको योग छ । पारिवारिक सुख शान्ति मिल्नेछ।




क्लासिक कथा ● जगदीश घिमिरे

# फर्केको लाहुरे



आँतै खहरिएझैं लाग्छ अचेल हरिलाई । एकपल्ट आँत पुरेर घिउ र भात खान मन लागेको छ । मकैले सुत्ला च्यापे, जम्मै जहान बारीमै हाम्फाल्न थालेका छन्, को हुन् र जहान भन्नु ? ऊ स्वयम् त जेठो हो । कति थेग्ला यो मकैले बिहानबेलुका भात पनि त यसैको पाक्छ -फ्याप्लो । कलिलो भर्खर हो लागेको मकै, के अडिलो होस् ? बर्सेनि यसैगरी चलेको छ - चल्ला त नि अब पनि । रिन बढ्छ । ब्याज झन् बढ्छ । ब्याजको पनि ब्याज स्याज झन्झन् बढ्छ । त्यो त एकदम बेग्लै कुरा हो । त्यससँग हरिको आँतलाई के वास्ता ? आँतको धीत मर्दैन र चाहन्छ चिल्लै भात, अघि सानु छँदा खाएको जस्तो नून, जिरा हालेर घिउमा भुटेको चिल्लो भात खान पाए । बुबा मरिदिए त... अचानक उसको दिमागमा उब्जन्छ । एकछिन मीठो लाग्छ यस्तो कुरा पनि । हत् बा मर्नु हुँदैन अहिले ऊ निर्णय गर्छ । हरि - भुर्तेलको छोरो । भुर्तेल बाजे, भुर्तेल मुखिया, भुर्तेल जिम्वालको छोरो होइन । हो केवल भुर्तेल काठाको । भुर्तेल काठो मर्यो भने हरिले किरिया गर्नेछ, गर्नै पर्नेछ । किरिया बस्दा पूरा तेह्र दिनसम्म उसले घिउ भात र सखर मात्रै खानु पर्नेछ । कैले हुन्छन् र घरमा यी सबै थोक ? नभए पनि हुन्छ, फरक पर्दैन । तेह्रदिने दाजुभाइहरू छँदैछन् । किरिया बसुन्जेल जसरी पनि खाँचो टार्नेछन् । बाँचुन्जेल भन्या अर्कै कुरा हो - मर्दापर्दा काम लाग्नु भन्या त्यो हो । हरिले यो बुझेको छ । यस्ता कुराहरू यस्ता ठाउँमा खूबै सुन्न पाइन्छन् । अरू गर्ने कुरै के छ र ? हावापानीको अनिकाल परेको छैन ।

कोसीमा प्रशस्त पानी बग्छ । हिउँदमा न्यानो घाम लाग्छ ... बर्खामा पानी पर्छ ... चैतमा हुरी चल्छ ... ठीक ... सबैथोक एकदम ठीक छ... पञ्चहरू बजार-गाउँ... अड्डाअदालत ओहोर-दोहोर गरकै छन् ... । एक झोंक्का हिमालको स्याँठ चल्दछ जिरि' काँढा उम्रन्छन् । पिठ्यूँभरि भ्वाङ भरेको हरिको कमेजको अघिल्लो पाटो पनि ह्वाँ' छ । ऊ टाँक लगाउन खोज्छ तर हात कक्रिएको छ ऊ त गोबर पो सोहोर्दै छ । एक हल गोरु र दुई वटा थारा गाईहरूको गोबर । यिनैको निम्ति हो यो छाप्रो सतिबेरको सेउलाले बारेको र सेउलैले छाएको । हरि सधैं विहान सिध्याउँछ गोबर सोहोरेर, दिउँसो गाई हेरेर र साँझ यिनै वस्तुको कोते धन्धामा लाग्छ । काम छिनेर बिंडी सल्काउँदै छ ढुंसोरदेखि ल्याएको अँगेरीका पातमा । अँगेरीका पातको बिंडी मीठो हुन्छ । ... तैपनि तलतल मेटिंदैन । कसैगरी मेटिंदैन यो तलतल ... शायद घिउभातले मेटिएला । 'घिउभात ।' लगत्तै सम्झिहाल्छ ऊ 'बाको मृत्यु ।'मुखमा रसाएको पानी बिलाउँछ । 'हत् ।'ऊ आफ्नू खराब सोच टार्छ । अरू नै कुराहरू सम्झन थाल्छ । मात्र सम्झना टार्न सम्झना बानी बिग्रिसकेको छ, नचाहँदा पनि दिनको धेरै पटक यो कुरा नसम्झी धरै छैन । बा बिरामी छन् ... सधैंका बिरामी । कैले छैनन् र बा बिरामी ? कैलेकाहीं सद्दे पनि हुन्छन्, तर केमा सगाउँछन् र सद्दे भए पनि ? हुने भए हलो जोत्थे होलान् ? तर बाहुनले हलो जोत्न हुँदैन । त्यसैले यौटा हली राखिएको छ । हरिलाई सबभन्दा कठोर जीवन आफ्नै लाग्छ । के काम गरेअनुसार खान पाइन्छ र ? पाइन्छ - कुनैकुनै वर्ष । पेटभरि खान पाउनुको अर्थ गुन्द्रुकढिँडो दुवै छाक वा सिस्नाको खोले । बाहुनले त सिस्नु पनि खान हुँदैन' 'बाले टपरी टकटक्याउँदैनन् । हरिलाई अचेल मन पर्न छाडेको छ - कुलको इज्जत जान्छ रे । उन्मूलनको सिलसिलामा इज्जत उन्मुलनको पालो कहिल्यै आएन ! कसैको पुरेत भए कैलेकाहीं घिउ पनि दान पाइन्थ्यो । आह ! घिउभात र ठूलो भएपछि ऊ अवश्य पुरेत बन्नेछ । हरि निदाउन बल गर्छ, खै निद्रा ? यो भोक, खै घिउभात ? बरु हुन्छ - मरुन् बा नै, म पेटभरि त खान्छु राति बर्बराउन थालेको छ हरि । गहिरो निदाउन पनि छाडेको छ आजकाल । हरिलाई बरु आमाको माया लाग्छ- सकुन्जेल काम गर्छिन् बरी । बिहान कुखुरा बासेको हुँदैन, उनी ब्यूँझदा । पानी भर्न एक कोस ओरालो भर्नुपर्छ । भात, भान्सा । दिउँसो अर्कोको ढिकीजाँतो नगरे बेलुका घर फर्कंदा दुईचार मुठी कनिका पोल्टामा कसरी आउँछ ? आफ्नू ढिकीजाँतो हुनु खै पुर्पुरामा लेखेको ? घरखर्च, दाउरा पनि उनकै पिठ्यूँले ओसार्छ । वनजाँच बसेको छ- नगिचै दाउरा पाइँदैन हरिले गाई कुट्न थालेको छ- साँढे थाराहरू । यी थोरै बस्नुभन्दा त आमा थारै बसिदिएको भएहुन्थ्यो । के पाइएको छ आमा बर्स्यूनि ब्याएर ? बर्स्यूनि गाई ब्याए दूध खान पाइन्थ्यो । दूध ... (ठेकी)... दही ... (घारघुर) मोही... नौनी... ताप्के... घिउ । बा ज्यूँदै छँदै घिउभात खान पाइन्थ्यो । हरिको गाई हेर्दाको साथी हो जुठे ... जुठे माझी । जुठे जाँड खान पाउँछ । उसको बाले रिन गरेर पनि जाँड खान्छ, ख्याउँछ । रिन तिर्न नसकेर बसैं हिँड्नु पर्छ । त्यो अर्कै कुरा हो । घिउ भात खान पाउने भए ऊ नै जुठेलाई पछार्ने थियो । पौडेर कोसी तर्ने थियो । हुतुतु खेल्दा पनि जित्ने थियो । लुरे काठा भनेर कहाँ खिज्याउन पाउँथे मोराहरू, आमा आज मरिन् । बाँच्नु पो विशेषता थियो उनको । अब उनले खोले दामासाही बाँड्नु पर्ने भएन । न थोत्रो गुन्यू तुनेर लाज छोप्नु परोस् । अब उप्रान्त पोइको दीर्घायुको लागि व्रत बस्नुपर्ने छैन । न पुसको आइतबार न माघको म'लबार, न साउनको सोमवार नै न एकादशी न औंसी-पूर्णेहरू र वर्षको तीन सयभन्दा बेसी दिनहरू उनले भोकै बसेर पुण्य कमाउनुपर्ने भएन । हुन त तिनले र अरू आइमाईले व्रत बस्नु - यस 'स्वतन्त्र हिन्दू राज्य' मा एकदम उचित हो । नत्र कसरी तिन्का पोइ र छोराछोरीहरू कहिलेकाहीँ मात्रै निख्लाम बसे पुग्थ्यो ? उनीहरू जस्तो सातामा तीन दिन भोकै बस्नु पर्दैनथ्यो । हरिको धोको प्रकारान्तरले पूरा हुन्छ । बाको हैन आमाको मृत्युबाट हरिलाई तेह्र दिनसम्म खूब चिल्लो-गुलियो ख्वाइन्छ । दाजुभाइहरू मर्दापर्दा काम लागिहाल्छन् । शुरूका केही दिन रसिला भए । अरू पनि नमीठा भएनन् । सधैं घिच्न पाइने पो नमीठो हुन्छ । घिउभात, सखर खाने दिनहरू सकिन्छन् । अब हरि 'आमा' पनि हुन्छ भान्सामा । भात पकाउँछ हरि । भाँडा माज्छ हरि । वन जान्छ हरि । पँधेरा जान्छ, हरि । भाइबैनीलाई थुम्थुम्याउँछ हरि । भए लाम्टा पनि चुसाउँथ्यो होला ... । हरिको जुँगा-रेखी बस्छ । आफ्नू बिहा हुने बेलामा उसले यौटी 'कान्छी आमा' पाउँछ । हरिको बा भन्छ, 'के गर्नु घर गर्ने यौटी आइमाई नभै त ...। 'हरि आमामा बैनीको झझल्को पाउँछ । ... आज यौटा तन्नेरी धेरै वर्षपछि आँगनमा उभिएको छ । हठात् सम्झनाहरू ओइरिइरहेछन् ... धेरै अघि घिउ नपाएर खहरिएको आज घिउले अघाएर फर्केको छ ।

आज ऊ लाहुरबाट फर्केको छ । उसको बाबु उस्तै बेकामी रहेछ । उसकी कान्छीआमा बर्स्यूनि ब्याउन थालिसकिछ । गोठमा केही थारा बूढाखाडा गाई रहेछन् । गोरु मरेछन् । गाराका केही छपनि ढुङ्गा खसेछन् ... घर चर्किएछ ... छानु चुहिन थालेछ .... यौटा बारी पनि लिलाम भएछ ... त्यो मकैबारी । आज स्थिति झन् भासिएको छ - ऊ लाहुर झरेभन्दा । बाबु भन्छ, 'आइछस् बाबू । अब त बूढो भइयो, घरव्यवहार अब तेरै जिम्मा छ... यी भाइ-बहिनीहरू ... ।' के ऊ फेरि लाहुर झर्ला ? ... अझै उसले होटेलका ती चिसा प्लेट धुन बाँकी नै छ ?... बासी घिउभातले एक पटक धीत मरिसकेको छ ... के अझै जबर्जस्ती खानुपर्नेछ ? अझै छ त्यो चिल्लो गुलियोको रहर ? हरि अचेल घोरिन थालेको छ ।

*-साहित्यपोस्ट डटकम*


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**अनुरोधक**
**डिभिजन वन कार्यालय**
**तानसेन, पाल्पा**


लघुकथा ● ईगम खालिङ

# पिपलको बोनसाई

*श्रुतीले एकटक लगाएर पिपलको बोनसाई बोटलाई हेरिरहन्छे अनि पिपलको बोनसाई बोटले चाहिँ तपतप आँसु झारिरहन्छ । उनको कलिलो मुटुमा पिपलको बोनसाई बोटप्रति असीम माया पलाएर आउँछ । जन्मदिनको केक काटिसकेपछि सबैले श्रुतीलाई जन्मदिनका शुभकामना र कोशिलीहरू दिन थाल्छन्, तर उसले भने आमा-बाबालाई त्यो पिपलको बोनसाई बोट नै जन्मदिनको कोशिलीका रूपमा माग्छे । "छोरी ! तिमीले त्यो माग्नुपर्दैन, त्यो त तिम्रै हो बरु कुनै अरु चीज माग " भनेर आमा-बाबा दुवैले उसलाई सम्झाउने कोसिस गर्छन् । त्यसपछि श्रुतीले उनीहरूलाई बिहानको त्यो घटना एकैसासमा वृतान्त सुनाउँछे । उसको कुरा सुनेर सबैजना आश्चर्यमा पर्छन् । श्रुतीका आमा र बाबाले त्यस पिपलको बोनसाई बोटको इच्छानुरूप त्यसलाई घरमाथिको मन्दिर परिसरमा छोरीकै हातबाट पुनर्रोपण गरिदिने निर्णय लिन्छन् ।*

त्यो दिन श्रुतीको आठौँ जन्मदिन थियो । बिहानैदेखि घरका सदस्यहरूलाई हतार भए तापनि आफूचाहिँ आरामले सुतिरहेकी बेलामा उसको कानमै कसैले "श्रुती ! श्रुती ! श्रुती !" भन्दै बोलाएको शक्तिशाली आवाज आउँछ ।

श्रुतीले 'हजुर' भन्नसाथ बैठक कोठाबाट उसलाई कसैले मधुर आवाजमा जन्मदिनको शुभकामना दिन्छ, "श्रुती ! जन्मदिनको हार्दिक मङ्गलमय शुभकामना छ । तिम्रो जीवनमा खुशीको दिन कहिल्यै नसकोस् ।" कहिले नसुनेको आवाज सुनेर ऊ छक्क पर्छे । पलङ्गबाट एक्कासि उठेर ऊ आँखा माड्दै बैठक कोठामा पस्छे अनि एकपल्ट चारैतिर राम्ररी निहाल्छे । तर त्यहाँ कोही पनि नदेखेर ऊ फर्किइरहेको बेला अचानक आवाज आउँछ–"श्रुती ! म यहाँ छु ।" ऊ झन् छक्क पर्छे कि उसलाई बोलाउने साथै त्यस्तो मीठो स्वरमा जन्मदिनको शुभकामना दिने त त्यो पिपलको बोनसाई बोट पो रहेछ । ऊ के गरु कसलाई सुनाऊ हुन्छे । त्यो बोट फेरि बोल्न थाल्छ, "श्रुती ! मैले आजको दिन पर्खेको सात बर्ष भइसकेको छ । मेरो पीडा कसैले बुझ्न सकेन । म यसरी घरभित्र माटाको थालमा कुच्रिएर बसिरहनु हुँदैन । म यसरी बसिरहे भने तिम्रो परिवारलाई राम्रो हुनेछैन । त्यसैले तिमीले मलाई आज मुक्ति दिनुपर्छ । घरमाथिको मन्दिर परिसरमा तिमीले मलाई तिम्रै हातले पुनर्रोपण गर्नुपर्छ ।" श्रुतीले एकटक लगाएर पिपलको बोनसाई बोटलाई हेरिरहन्छे अनि पिपलको बोनसाई बोटले चाहिँ तपतप आँसु झारिरहन्छ । उनको कलिलो मुटुमा पिपलको बोनसाई बोटप्रति असीम माया पलाएर आउँछ । जन्मदिनको केक काटिसकेपछि सबैले श्रुतीलाई जन्मदिनका शुभकामना र कोशिलीहरू दिन थाल्छन्, तर उसले भने आमा-बाबालाई त्यो पिपलको बोनसाई बोट नै जन्मदिनको कोशिलीका रूपमा माग्छे । "छोरी ! तिमीले त्यो माग्नुपर्दैन, त्यो त तिम्रै हो बरु कुनै अरु चीज माग " भनेर आमा-बाबा दुवैले उसलाई सम्झाउने कोसिस गर्छन् । त्यसपछि श्रुतीले उनीहरूलाई बिहानको त्यो घटना एकैसासमा वृतान्त सुनाउँछे । उसको कुरा सुनेर सबैजना आश्चर्यमा पर्छन् । श्रुतीका आमा र बाबाले त्यस पिपलको बोनसाई बोटको इच्छानुरूप त्यसलाई घरमाथिको मन्दिर परिसरमा छोरीकै हातबाट पुनर्रोपण गरिदिने निर्णय लिन्छन् । त्यसपछि सबैजना त्यो पिपलको बोनसाई बोट लिएर माथि मन्दिरमा गई त्यसलाई माटाको थालबाट मुक्त गरेर भुइँमा सारिदिन्छन् । त्यस पिपलको बोटले जस्तो श्रुतीलाई धन्यवाद दिन्छ त्यस्तै बढेर सात बर्षमा जत्रो हुनुपर्थ्यो त्यत्रै बोटमा परिणत हुन्छ । त्यस्तो एउटा अविश्वासनीय दृश्यको साक्षी भएर सबैजना अलमल्ल पर्छन् अनि एउटा अनौठो डरमा ईश्वरको नाम लिँदै त्यहाँबाट फर्किन्छन् । जब उनीहरू घर आइपुग्छन् त्यतिबेला सबैजना हेरेका-हेरेकै हुन्छन्–नर्सरीका सारा बोनसाईका बोटहरू बढेर एउटा पटेर जङ्गलमा परिणत भइसकेका रहेछन् । अनि घर पनि भत्किएर भताभुङ्ग भइसकेको रहेछ । त्यस घटनापछि अझैं पनि मानिसहरू टाढा-टाढाबाट त्यो मन्दिर परिसरको पिपलको बोट हेर्न आइरहन्छन् ।

*-समकालीन खबर डटकम*

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/१२/०७)**

यस रेसुङ्गा नगरपालिका कार्यालयको लागि तपशिल बमोजिमका पदमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र माग बमोजिमका विवरण र यस नगरपालिकाको राजश्व शाखामा राजश्व तिरेको रसिद सहित यस कार्यालयमा सम्बन्धित तहको लोकसेवा आयोगको ढाँचामा दरखास्त पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिलः**

| क.स. | विज्ञापन नं | पद/तह/संख्या | क.स. | विज्ञापन नं | पद/तह/संख्या |
|---|---|---|---|---|---|
| १ | ०८/२०८१/०८२ | जिल्ला कार्यक्रम संयोजक (सामि)/छैठौं/१ | ४ | ११/२०८१/०८२ | अ.हे.व. /चौथो/२ (वडा नं. ३ र ६ को स्वास्थ्य चौकिमा कामकाज गर्ने गरी) |
| २ | ०९/२०८१/०८२ | सहायक कम्प्यूटर अपरेटर/चौथो/१ | ५ | १२/२०८१/०८२ | नगर प्रहरी हवलदार २ (आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ती हुनेगरी) |
| ३ | १०/२०८१/०८२ | अ.न.मी. /चौथो/१ (वडा न. ११ को स्वास्थ्य चौकिमा कामकाज गर्ने गरी) | | | |

**१. आवश्यक योग्यताः**

**(क) जिल्ला कार्यक्रम संयोजक (सामि परीयोजना):** मान्यताप्राप्त शिक्षण संस्थाबाट मानवीकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा स्नातक तह उत्तीर्ण भएको, कार्यक्रम व्यवस्थापन तथा सञ्चालनमा ५ वर्षको अनुभव भएको साथै कम्तिमा २ वर्ष अधिकृतस्तरमा रही कार्यानुभव हासिल गरेको र कम्प्यूटर सम्बन्धी ज्ञानका साथै MS Office (word, excel, PowerPoint, outlook, email, internet, Kobo tool etc.) सहजरुपमा चलाउन सक्ने, नेपाली र अंग्रेजी दुवै भाषामा टाईप गर्न सक्ने क्षमता भएको।

**(ख) सहायक कम्प्युटर अपरेटरः** लोकसेवा आयोगले तोके बमोजिम।

**(ग) अ.न.मी.:** लोकसेवा आयोगले तोके बमोजिम।

**(घ) अ.हे.व.:** लोकसेवा आयोगले तोके बमोजिम।

**(ङ) नगर प्रहरी हवलदारः** यस नगरपालिकामा कम्तिमा ३ वर्षदेखि जवान पदमा कार्यरत रहेको।

**२. आवेदन दिने अन्तिम मितिः** २०८१/१२/२१ गतेसम्म कार्यालय समयभित्र।उक्त दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय समयभित्र।

३. संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः व्यक्तिगत विवरण (Bio Data), नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी, कार्यअनुभवका प्रमाणपत्रहरुका प्रतिलिपिहरू, २ प्रति पासपोर्ट साईजको फोटो ।
- अ.न.मी. पदको हकमा सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।
- अ.हे.व. पदको हकमा सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।
- सहायक कम्प्युटर अपरेटर पदको हकमा ६ महिने कम्प्युटर डिप्लोमा कोर्ष गरेको प्रमाणपत्रको प्रतिलिपि।
- नगर प्रहरी हवलदारको हकमा जवान पदको लागि गरिएको सेवा करार सम्झौता।

**४. उमेरः** पूरुषः १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको। महिला : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको। नगर प्रहरी हवलदारको हकमा उमेर हद नलाग्ने।

**५. आवेदन दस्तुरः** जिल्ला कार्यक्रम संयोजकको हकमा रू. २०००, सहायक कम्प्युटर अपरेटर/अ.न.मी./अ.हे.व. पदमा रु. १५०० र नगर प्रहरी हवलदार को हकमा रु. १०००

**६. दरखास्त दिने स्थानः** रेसुङ्गा नगरपालिका नगर कार्यपालिकाको कार्यालय तम्घास, गुल्मी।

**७. छनौटको तरिकाः** प्रारम्भिक योग्यताक्रमको सूची, लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता। नगर प्रहरी हवलदार पदको हकमा लिखित परीक्षा र अन्तर्वार्ता।

**८. तलव भत्ताः** करार सम्झौता बमोजिम।

९. स्थानीय तहमा कार्य गरेका अनुभवी उम्मेदवारलाई प्राथमिकता दिइनेछ।

१०. थप सम्पर्कका लागिः सुरेश खनाल, सूचना प्रविधि अधिकृत (९८४७११९२४७)

**संयोजक**
**(पदपूर्ती समिति)**

# जेसिजले दियो छात्राहरुलाई महिनावारीका सामग्री





**पाल्पा, चैत ६**/पाल्पा जेसिजले तासेनस्थित मोहन कन्या माविमा अध्ययनरत छात्राहरुलाई सुरक्षित महिनावारीका लागि आवश्यक सामग्री वितरण गरेको छ । छात्राहरु महिनावारी भएका बेलामा पनि विद्यालयमा नियमित होउन भन्ने उद्देश्यले जेसिजले सेनेटरी प्याड, साबुन, बाल्टीन जस्ता आवश्यक सामग्री वितरण गरेको हो ।

जेसिजका पदाधिकारीहरुले विद्यालयमै पुगेर छात्राहरुलाई उक्त सामग्री दिएका हुन् । जेसिजले छात्राहरुलाई प्याड वितरणसँगै महिनावारी र प्याडका बारेमा शिक्षा समेत प्रदान गरेको छ । महिलाहरुका लागि महिनावारीको अवधि अत्यन्त पिडादायी हुने भएकाले उनीहरुलाई सहज होस् र त्यस्तो अवस्थामा पनि नियमित विद्यालय आउन सकुन भनेर प्याड वितरणसँगै शिक्षा प्रदान गरिएको जेसिज वर्ष २०२५ का अध्यक्ष जेसी विवेक काजी शाक्यले बताए । उनले भने 'हामीले युवाहरुको नेतृत्व, व्यक्तित्व विकाससँगै शिक्षा, स्वास्थ्य र पर्यटनका क्षेत्रमा समेत काम गर्दै आएका छौं, यहाँ विगतमा हामीले साइबरक्राइम सम्बन्धी विद्यार्थीहरुलाई प्रशिक्षण समेत दिएका थियौं ।' अध्यक्ष शाक्यले विद्यार्थीहरुमा नेतृत्व क्षमता विकासका तालिमहरु आवश्यक परेमा जेसिजले सहयोग गर्ने समेत बताए । विभिन्न व्यक्तिहरुको सहयोगमा उपलब्ध गराइएका प्याड र फोहोर राख्ने बाल्टीन अध्यक्ष शाक्यले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विधान श्रेष्ठ र प्रअ दीपक प्रसाद ज्ञवालीलाई हस्तान्तरण गरेका हुन् ।

सुरक्षित महिनावारीका लागि आवश्यक सामग्री ग्रहण गर्दै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्रेष्ठले जेसिजले विद्यार्थीहरुप्रति देखाएको सहयोग र सद्भाव प्रशंसनिय रहेको बताए । उनले छात्राहरुलाई महिनावारीका सामग्री दिनुको साथै सोको बारेमा ज्ञान प्रदान गर्नुले महिनावारीका बेलामा पनि नियमित विद्यालय आउन सक्ने विश्वास व्यक्त गरे । अध्यक्ष श्रेष्ठले विद्यालयले हिरक महोत्सव मनाउने तयारी गरिरहेको समेत जानकारी गराए । उनले आफु अध्यक्ष रहुन्जेल विद्यालयबाट एसइई परीक्षामा ए प्लस ल्याउने विद्यार्थीहरुका लागि पुरस्कार स्वप एक लाख दिने बताएका छन् । विद्यालयका प्रअ ज्ञवालीले महिनावारी व्यवस्थापनका लागि शिक्षा र आवश्यक सामग्रीले सघाउ पुऱ्याउने विश्वास व्यक्त गरे । महिनावारीको बेला छात्राहरुलाई सरसफाइको झनै आवश्यकता पर्ने भएकाले स्वास्थ्य समस्या कम गर्न यसले सहयोग पुग्ने उनले बताए । कार्यक्रममा तानसेन नगरपालिका स्वास्थ्य शाखाको प्राविधिक सहयोगमा छात्राहरुलाई महिनावारीका बारेमा जानकारी गराइएको थियो । स्वास्थ्य शाखाकी विजु जर्घाले महिनावारी, सरसफाइ, प्याडको प्रयोग र फाइदा, महिनावारीमा पोषणयुक्त खानेकुराका विषयमा जानकारी गराएकी थिइन् । जेसी अध्यक्ष विवेककाजी शाक्यको अध्यक्षता, कार्यकारिणी उपाध्यक्ष जेसी विजय कार्कीको स्वागत, अर्का कार्यकारिणी उपाध्यक्ष जेसी सुनिल चापागाईको आस्थावाचन र महासचिव गणेश पन्थीको सञ्चालनमा वितरण कार्यक्रम भएको थियो ।

# विश्व मुख स्वास्थ्य दिवस मनाइँदै




**पाल्पा, चैत ६**/आज मार्च २०, संसारभर विविध चेतनामूलक कार्यक्रमका साथ विश्व मुख स्वास्थ्य दिवस मनाइँदै छ । दाँतको सफाइ तथा मुख स्वास्थ्यको विषयमा विभिन्न सचेतनामूलक कार्यक्रम गरी नेपालसहित विश्वभर यो दिवस मनाउन लागिएको हो ।

शरीरभित्र प्रवेश गर्ने खानेकुराको प्रवेशद्वार नै मुख हो । शरीरका सम्पूर्ण अंगहरुलाई स्वस्थ र सुचारु राख्नका लागि पनि खानेकुरा र पौष्टिक तत्वहरु मुखबाटै खाने गरिन्छ । पेटमा कुनै स्वास्थ्य समस्या भएमा वा अन्य रोग लागेमा औषधि सेवन गर्ने पनि मुखबाटै हो । तर मुख नै स्वस्थ राख्न सकिएन भने शरीर पनि स्वस्थ रहन सक्दैन । हरेक वर्ष २० मार्चमा हामी विश्वलाई एकजुट भएर मुख सम्बन्धी रोगहरूको बोझ कम गर्न मद्दत गर्दे विश्व मुख स्वास्थ्य दिवस मनाइन्छ । यस दिनको उद्देश्य मुखको स्वास्थ्य सुरक्षित गर्न ज्ञान, उपकरण र आत्मविश्वासका साथ मानिसहरूलाई सशक्त बनाउनु हो ।

दाँत, गिजा र सम्पूर्ण मुख-अनुहार प्रणालीको स्वास्थ्यलाई मुख स्वास्थ्यको रूपमा बुझ्न सकिन्छ । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)ले मुख स्वास्थ्यलाई मुख एवं अनुहारको दुखाइ, मुख तथा घाँटीको क्यान्सर, मुखको सङ्क्रमण, जन्मदै तालु तथा ओठ चिरेको (खुँडे), गिजासम्बन्धी रोग, दाँत कीराले खाने तथा झर्ने, दाँतमा प्वाल पर्ने तथा मुखसम्बन्धी अन्य रोगबाट मुक्त हुने अवस्थाको रूपमा व्याख्या गरेको छ । हाम्रो देशको सन्दर्भमा हेर्ने हो भने अधिकांशमा दाँत कीराले खाने, गिजाबाट रगत आउने, गिजा फुल्ने र पाक्ने, दाँत हल्लिने समस्या भएका बिरामी पाइन्छन् ।

## खेलकुद समाचार

# गण्डकीमाथि पुलिसको सहज जित



**भैरहवा,** चैत ६/स्पीनर ललित राजवंशीले लगातार तेस्रो खेलमा तथा समग्रमा चौथोपटक ५-विकेट प्रदर्शन गरेपछि नेपाल पुलिस क्लबले प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा लगातार छैटौं जित निकालेको छ ।

बुधबार सिद्धार्थ क्रिकेट रंगशालामा भएको खेलमा पुलिसले गण्डकी प्रदेशलाई हराउँदै अपराजित यात्रा कायमै राखेको हो । पुलिसले गण्डकीलाई ७ विकेटले हराएको हो । गण्डकीले दिएको ९३ रनको सामान्य लक्ष्य पुलिसले १६ ओभरमा ३ विकेटको क्षतिमा पूरा गरेको हो । कप्तान दिपेन्द्रसिंह ऐरीले ५४ रन बनाए । अर्जुन साउदले अविजित १८ रन बनाए । गण्डकीका बिपिन खत्री र सुबास भण्डारीले १-१ विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको गण्डकी पुलिसका बलरसामू संघर्ष गर्दै २३.२ ओभरमा ९२ रनमा अलआउट भएको थियो । अर्जुन कुमालले सर्वाधिक ४८ रन बनाए । रोहित चन्द र सुबास भण्डारीले समान १० रन बनाए । पुलिसका ललित राजवंशीले ५.२ ओभरमा ७ रन दिएर ५ विकेट लिए । उनको प्रतियोगितामा यो चौथो ५-विकेट प्रदर्शन हो । उनले ६ खेलमा कुल २६ विकेट लिइसकेका छन् । गुल्शन झाले ८ ओभरमा ४२ रन दिएर ४ विकेट लिए ।

## त्रिबक्यामा...

मंगलबार शान्त वातावरणमा मतदान प्रक्रिया सकिएसँगै साँझबाट मत गणना सुरु भएको थियो । मतगणनाको क्रममा विवाद भएपछि आक्रोशित भिड नियन्त्रण गर्न प्रहरीले गोली चलाएको पाल्पाका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले बताए । शान्त वातावरण गराउन खोज्दाखोज्दै नियन्त्रणबाहिर भएपछि हवाई फायर र भीड तितरबितर गर्नु परेको उनको भनाई छ । क्याम्पसन प्रशासनले यो समाचार तयार पार्दासम्म सर्वपक्षीय बैठकका लागि प्रयास जारी राखेको र मतगणनाको वातावरण निर्माण गर्न प्रयास गरेको जनाएको छ ।

सर्वपक्षिय छलफल गरी रोकिएको मतगणना प्रक्रिया पुन: सुरु हुने निर्वाचन अधिकृत त्रिविक्रम खनालले सूचना मार्फत जानकारी गराएका छन् । ७ सय १३ मतदाता रहेको क्याम्पसमा ५ सय ७१ मत खसेको थियो । जसमा ९७ मत गणना गर्न बाँकी रहदा बिवाद उत्पन्न हुँदा प्रहरीले हवाईफायर गरेपछि मनगणना स्थागित भएको जनाइएको छ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से निरन्तर ओरालोतिर



**पाल्पा, चैत ६**/नेप्से परिसूचक बुधवार १४.८८ अंकले घटेर २,६८२.१५ विन्दुमा झरेको छ । यो एक महिनायताकै न्यून विन्दु हो ।

गत १ फागुनमा २,६७८.४७ विन्दुमा पुगेको नेप्से उकालो लाग्दै २८ सय पार गरेको थियो । एकाएक ओरालो लाग्न सुरु गरेको नेप्से रोकिएको छैन । निरन्तर घटी रहेको छ । यो साताको चारै दिन नेप्से ओरालो लाग्यो । बुधबारको कारोबारमा ३११ कम्पनीका ९५ लाख ८३ हजार कित्ता सेयर खरिद-बिक्री भयो । कारोबार रकम ५ अर्ब १४ करोड ३९ लाख ९७ हजार रुपैयाँ पुग्यो ।

नेप्सेका १३ समूहमध्ये अधिकांश समूहको सूचक ओरालो लाग्यो । होटेल तथा पर्यटन, म्युचल फन्ड र व्यापार समूह एक प्रतिशतभन्दा कमले बढ्यो । वित्त र जीवन बिमा समूह एक प्रतिशतभन्दा धेरैले घटेका छन् । अन्य सबै समूह एक प्रतिशतभन्दा कमले घटेका छन् । मिथिला लघुवित्तको मूल्य ९.३९ प्रतिशतले बढ्यो । गरिमा समृद्धि योजना, भूगोल इनर्जी विकास कम्पनी र ग्रिन डेभलपमेन्ट बैंकको ७ प्रतिशतभन्दा धेरैले बढ्यो ।

सामुदायिक लघुवित्तको ९.२० प्रतिशतले घट्यो। हिमालयन पावर, श्वेतगंगा हाइड्रोपावर, सेन्ट्रल फाइनान्स र मनकामना इन्जिनियरिङ हाइड्रो: ४ प्रतिशतभन्दा धेरैले घट्यो।


## नागरिक वडापत्रको उपयोग गरौं

**नागरिक वडापत्रमा:**

- सम्बन्धित कार्यालयले दिने सेवा र त्यसको प्रकृति,
- सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि,
- सेवा प्राप्त गर्न लाग्ने शुल्क र समयावधि,
- सेवा प्रदान गर्ने जिम्मेवार पदाधिकारी र निजको कार्यकक्षको विवरण,
- तोकिएबमोजिम अन्य कुरा उल्लेख गरिएका हुन्छन् ।

**सेवाग्राहीले:**

- समयमा सेवा प्राप्त नभए तत्काल कार्यालय प्रमुख वा तोकिएको अधिकारी समक्ष उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई